"मीठे बच्चे– तिमीले विकर्मको सजायबाट मुक्त हुने पुरुषार्थ गर्नु छ , यो अन्तिम जन्ममा सबै हिसाबकिताब चुक्ता गरेर पावन बन्नु छ।"

प्रश्नः– धोकेबाज मायाले कुनचाहिँ प्रतिज्ञा भङ्ग गराउने कोसिस गर्छ?

उत्तरः– तिमीले प्रतिज्ञा गरेका छौ– कुनै पनि देहधारीमा दिल लगाउने छैन। आत्माले भन्छ– मैले एक बाबालाई नै याद गर्नेछु, आफ्नो देहलाई पनि याद गर्नेछैन। बाबाले देह सहित सबैको संन्यास गराउनु हुन्छ। तर मायाले त्यही प्रतिज्ञा भङ्ग गर्न लगाउँछ। देहमा लगाव हुन्छ। जसले प्रतिज्ञा तोड्छ उसले सजाय पनि धेरै खानुपर्छ।

गीतः– तुम्हीं हो माता-पिता तुम्हीं हो...।

ओम् शान्ति। सर्वोच्च भगवानको महिमा पनि गरेका छन् र फेरि ग्लानि पनि गरेका छन्। अहिले उच्च भन्दा उच्च बाबा स्वयं आएर परिचय दिनुहुन्छ र फेरि जब रावण राज्य सुरु हुन्छ अनि आफ्नो उच्चाइ देखाउनु हुन्छ। भक्तिमार्गमा भक्तिको नै राज्य छ त्यसैले भनिन्छ रावण राज्य। त्यो रामराज्य, यो रावण राज्य। राम र रावणको नै तुलना गरिन्छ। तर ती राम त त्रेताका राजा भए, उनको लागि भनिदैन। रावण हो आधाकल्पको राजा। यस्तो होइन राम आधाकल्पका राजा हुन्। होइन, यो विस्तारमा बुझ्ने कुरा हो। बाँकी त्यो त बिल्कुल सहज कुरा हो बुझ्नको लागि। हामी सबै भाइ भाइ हौं। उहाँ हामी सबैका एक निराकार बाबा हुनुहुन्छ। बाबालाई थाहा छ यस समयमा मेरा सबै बच्चाहरू रावणको जेलमा छन्। काम चितामा बसेर सबै काला भएका छन्। यो कुरा बाबाले जान्नुहुन्छ। आत्मामा नै सारा ज्ञान छ नि। आत्मा र परमात्मालाई चिन्ने कुरालाई नै सबैभन्दा धेरै महत्त्व दिनुपर्छ। सानो आत्मामा कति पार्ट रहेको छ जुन खेलिरहन्छ। देह अभिमानमा आएर पार्ट खेलेपछि स्वधर्मलाई भुल्छन्। अहिले बाबा आएर आत्म अभिमानी बनाउनु हुन्छ किनकि आत्माले नै भन्छ– म पावन बनुँ। त्यसैले बाबा भन्नुहुन्छ– म एकलाई याद गर। आत्माले पुकार्छ– हे परमपिता, हे पतित-पावन, हामी आत्माहरू पतित बनेका छौं, आएर हामीलाई पावन बनाउनुहोस्। संस्कार त सबै आत्मामा छ नि। आत्माले स्पष्ट भन्छ म पतित बनेको छु। पतित उनलाई भनिन्छ जो विकारमा जान्छन्। पतित मनुष्य, पावन निर्विकारी देवताहरूको अगाडि गएर मन्दिरमा उनीहरूको महिमा गाउँछन्। बाबाले सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! तिमीहरू नै पूज्य देवता थियौ। ८४ जन्म लिँदै लिँदै अवश्य तल उत्रिनुपर्यो। यो नै पतितबाट पावन, पावनबाट पतित हुने खेल हो। सारा ज्ञान बाबा आएर इराले सम्झाउनु हुन्छ। अहिलेको यो सबैको अन्तिम जन्म हो। सबैले हिसाबकिताब चुक्ता गरेर जानु छ। बाबाले साक्षात्कार गराउनु हुन्छ। पतितले आफ्नो विकर्मको दण्ड अवश्य भोग्नुपर्छ। पछि कुनै जन्म दिएर नै सजाय दिनुहुन्छ। मनुष्य तनमा नै सजाय खान्छन् त्यसैले अवश्य शरीर धारण गर्नुपर्छ। आत्माले अनुभव गर्छ, मैले सजाय भोगिरहेको छु। जसरी काशी कलवट खाने समयमा दण्ड भोग्छन्, गरेको पापको साक्षात्कार हुन्छ। तब त भन्छन् क्षमा गर्नुहोस् भगवान, हामीले फेरि यस्तो गर्दैनौं। यो सबै साक्षात्कारमा नै क्षमा माग्छन्। अनुभूति गर्छन्, दु:ख भोग्छन्। सबैभन्दा धेरै महत्त्व छ आत्मा र परमात्माको। आत्माले नै ८४ जन्मको पार्ट खेल्छ। त्यसैले आत्मा सबैभन्दा शक्तिशाली भयो नि। सारा ड्रामामा महत्त्व छ आत्मा र परमात्माको, जसलाई अरू कसैले पनि जानेका छैनन्। एक जनाले पनि जान्दैन– आत्मा के हो, परमात्मा के हुनुहुन्छ? ड्रामा अनुसार यो पनि हुनु नै छ। तिमी बच्चाहरूलाई पनि ज्ञान छ– यो कुनै नयाँ कुरा होइन, कल्प पहिला पनि यही भएको थियो। भन्छन् पनि– ज्ञान, भक्ति, वैराग्य। तर अर्थ जानेका छैनन्। बाबाले यी साधु आदिको धेरै सङ्गत गरेका छन्, केवल नाम लिन्छन्। अहिले तिमी बच्चाहरूले राम्ररी जानेका छौ– हामी पुरानो दुनियाँबाट नयाँ दुनियाँमा जान्छौं त्यसैले अवश्य पुरानो दुनियाँसँग वैराग्य हुनुपर्छ। यसमा के दिल लगाउनु छ। तिमीले प्रतिज्ञा गरेका छौ– कुनै पनि देहधारीसँग दिल लगाउँदिनँ। आत्माले भन्छ मैले एक बाबालाई नै याद गर्छु। आफ्नो देहलाई पनि याद गर्दिनँ। बाबाले देह सहित सबैको संन्यास गराउनु हुन्छ। फेरि अरूको देहमा हामीले किन लगाव राख्ने? कसैसँग लगाव भयो भने उसको याद आइरहन्छ। अनि ईश्वरको याद आउन सक्दैन। प्रतिज्ञा तोड्ने हो भने धेरै सजाय पनि खानुपर्छ, पद पनि भ्रष्ट हुन्छ त्यसैले जति हुनसक्छ बाबाकै याद गर्नु छ। माया त एकदम धोकेबाज छ। कुनै पनि हालतमा मायाबाट आफूलाई बचाउनु छ। देह अभिमानको बिमारी धेरै कडा छ। बाबा भन्नुहुन्छ–

अब देहीअभिमानी बन। बाबालाई याद गर्यौं भने देह अभिमानको बिमारी छुट्छ। सारा दिन देह अभिमानमा रहन्छन्। धेरै मुस्किलले बाबाको याद गर्छन्। बाबाले सम्झाउनु भएको छ– हथ कार डे दिल यार डे। जसरी प्रेमी प्रेमिकाले काम धन्दा आदि गर्दा पनि आफ्नो प्रेमीको नै याद गरिरहन्छन्। अहिले तिमी आत्माहरूले परमात्मासँग प्रीत राख्नु छ त्यसैले उहाँकै याद गर्नुपर्यो नि। तिम्रो लक्ष्य-उद्देश्य नै हो– देवी-देवता बन्नु , त्यसको लागि पुरुषार्थ गर्नु छ। मायाले धोका त अवश्य दिन्छ, आफूलाई त्यसबाट छुटाउनु छ। नत्र फसेर नष्ट भइन्छ अनि ग्लानि पनि हुन्छ, नोक्सान पनि धेरै हुन्छ।

तिमी बच्चाहरूलाई थाहा छ– म आत्मा बिन्दु हुँ, हाम्रा पिता पनि बीजरूप ज्ञानका सागर हुनुहुन्छ। यो धेरै आश्चर्यको कुरा हो। आत्मा के हो, त्यसमा कसरी अविनाशी पार्ट भरिएको छ– यी गुह्य कुरालाई राम्रा राम्रा बच्चाहरूले पनि राम्ररी बुझ्दैनन्। आफूलाई यथार्थ रीतिले आत्मा सम्झेर बाबालाई पनि बिन्दु जस्तै सम्झेर याद गर्ने, उहाँ ज्ञानका सागर हुनुहुन्छ, बीजरूप हुनुहुन्छ... यस्तो सम्झेर विरलै कसैले मात्र याद गर्छन्। बोधो विचारले होइन, यसमा महीन बुद्धिबाट काम लिनुपर्छ– म आत्मा हुँ, हाम्रा बाबा आउनु भएको छ, उहाँ बीजरूप ज्ञानका सागर हुनुहुन्छ। हामीलाई ज्ञान सुनाइरहनु भएको छ। धारणा पनि म सानो आत्मामा हुन्छ। यस्ता धेरै छन् जसले केवल सतही रूपमा भनिदिन्छन्– आत्मा र परमात्मा... तर यथार्थ रीतिसँग बुद्धिमा आउँदैन। नहुनु भन्दा त सतही रूपमा याद गर्नु पनि ठिकै हो। तर यथार्थ याद धेरै फलदायक हुन्छ। तिनीहरूले त्यति उच्च पद पाउन सक्दैनन्। यसमा धेरै मेहनत छ। म आत्मा सानो बिन्दु हुँ, बाबा पनि त्यत्ति सानो बिन्दु हुनुहुन्छ, उहाँमा सारा ज्ञान छ, यो पनि तिमी यहाँ बसेका छौ त्यसैले केही बुद्धिमा आउँछ। तर हिँड्दा-डुल्दा यस्तो चिन्तन रहोस्, त्यो हुँदैन। बिर्सिन्छन्। सारा दिन यही चिन्तन रह्यो भने त्यो हो सच्चा सच्चा याद। मैले कसरी याद गर्छु, यो कसैले सत्य बताउँदैनन्। चार्ट त पठाउँछन् तर यो लेख्दैनन्– यसरी आफूलाई बिन्दु सम्झेर बाबालाई पनि बिन्दु सम्झेर याद गर्छु। सच्चाइसँग पूरा लेख्दैनन्। हुन त धेरै राम्ररी मुरली चलाउँछन् तर योग धेरै कम हुन्छ। देह अभिमान धेरै हुन्छ, यो गुप्त कुरालाई पूरा बुझ्दैनन्, स्मरण गर्दैनन्। यादबाट नै पावन बन्नु छ। पहिला त कर्मातीत अवस्था हुनुपर्छ नि। उसैले उच्च पद पाउन सक्छ। मुरली बजाउनेहरू त धेरै छन्। तर बाबाले जान्नुहुन्छ योगमा रहन सक्दैनन्। विश्वको मालिक बन्नु कुनै सानिमाको घर कहाँ हो र? उनीहरूले अल्पकालको पद पाउनको लागि पनि कति पढ्छन्। त्यही अहिले आम्दानीको स्रोत भयो नि। पहिला वकिल आदिले यतिका कहाँ कमाउँथे र। अहिले कति कमाइ भएको छ।

बच्चाहरूले आफ्नो कल्याणको लागि एक त आफूलाई आत्मा सम्झेर यथार्थ रीतिले बाबालाई याद गर्नुपर्छ र त्रिमूर्ति शिवको परिचय अरूलाई पनि दिनुपर्छ। केवल शिव भनेर मात्र बुझ्दैनन्। त्रिमूर्ति त अवश्य पनि भन्नुपर्छ। मुख्य हुन् नै दुई चित्र– त्रिमूर्ति र वृक्ष। सिँढीमा भन्दा पनि वृक्षमा धेरै ज्ञान छ। यो चित्र त सबैसँग हुनुपर्छ। एकातिर त्रिमूर्ति गोला, अर्कातिर वृक्ष। यो पाण्डव सेनाको झण्डा हुनुपर्छ। ड्रामा र वृक्षको ज्ञान पनि बाबाले दिनुहुन्छ। लक्ष्मी-नारायण, विष्णु आदि को हुन्? यो कसैले पनि बुझ्दैनन्। महालक्ष्मीको पूजा गर्छन्, सम्झन्छन् लक्ष्मी आउनेछिन्। तर लक्ष्मीलाई धन कहाँबाट आउँछ? ४ हात भएकी, ८ हात भएकी कति चित्र बनाएका छन्। केही पनि बुझ्दैनन्। ८-१० हात भएको कोही मनुष्य त हुँदैन। जसलाई जे आयो त्यही बनायो, अनि त्यसैमा चल्यो। कसैले मत दिए– हनुमानको पूजा गर, अनि गर्न थाले। देखाउँछन् संजीवनी बुटी लिएर आए...। त्यसको अर्थ पनि तिमी बच्चाहरूलाई थाहा छ। संजीवनी बुटी त हो मनमनाभव। विचार गरिन्छ जबसम्म ब्राह्मण बनिदैन, बाबाको परिचय मिल्दैन तबसम्म कौडी बराबर हुन्छ। मनुष्यलाई पदको कति अभिमान हुन्छ। उनीहरूलाई त सम्झाउन कति मुस्किल छ। रजाइँ स्थापना गर्न कति मेहनत लाग्छ। त्यो हो बाहुबल, यो हो योगबल। यी कुरा शास्त्रमा त छैनन्। वास्तवमा तिमीले कुनै शास्त्र आदि पढ्न सिफारिस गर्न सक्दैनौ। यदि तिमीलाई भन्छन्– तिमीले शास्त्रलाई मान्छौ? भन, हो यी शास्त्रहरू त सबै भक्तिमार्गका हुन्। अहिले हामी ज्ञानमार्गमा चलेका छौं। ज्ञानदाता ज्ञानका सागर एउटै बाबा हुनुहुन्छ, यसलाई रुहानी ज्ञान भनिन्छ। आत्माले बसेर आत्मालाई ज्ञान दिन्छन्। ती मनुष्यले मनुष्यलाई ज्ञान दिन्छन्। मनुष्यले कहिल्यै आध्यात्मिक ज्ञान दिन सक्दैन। ज्ञानका सागर पतित-पावन मुक्तिदाता सद्गतिदाता एउटै बाबा हुनुहुन्छ।

बाबाले सम्झाउनु हुन्छ– यसो यसो गर। अब हेर, शिव जयन्तीमा कति धूमचक्र मच्चाउँछन्। ट्रान्सलाइटका चित्र सानै भए पनि सबैलाई प्राप्त होऊन्। तिम्रो त हो बिल्कुल नयाँ कुरा। कसैले बुझ्न सक्दैन। अखबारमा राम्रोसँग

छाप्नुपर्छ। प्रचार प्रसार गर्नुपर्छ। सेवाकेन्द्र खोल्नेहरू पनि यस्ता चाहिन्छन्। अहिले तिमी बच्चाहरूलाई त्यति नसा चढेको छैन। नम्बरवार पुरुषार्थ अनुसार सम्झाउँछन्। यति धेरै ब्रह्माकुमार-ब्रह्माकुमारीहरू छन्। ठिकै छ, ब्रह्माको नाम निकालेर कसैको पनि नाम राख। राधा-कृष्णको नाम राख। अनि फेरि ब्रह्माकुमार-ब्रह्माकुमारीहरू कहाँबाट आउने छन्? कोही त ब्रह्मा चाहियो नि, जसबाट मुख वंशावली बी.के. हुन्छ। बच्चाहरूले पछि गएर राम्ररी बुझ्छन्। खर्च त गर्नै पर्छ। चित्र अत्यन्तै स्पष्ट छन्। लक्ष्मी-नारायणको चित्र धेरै राम्रो छ। अच्छा!

मीठे-मीठे सिकीलधे सेवाधारी, आज्ञाकारी, फरमानबरदार, नम्बरवार पुरुषार्थ अनुसार बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) कर्मातीत बन्नको लागि बाबालाई महीन बुद्धिले पहिचान गरेर यथार्थ रूपमा याद गर्नु छ। पढाइको साथसाथै योगमा पनि पूरा ध्यान दिनु छ।

२) स्वयंलाई मायाको धोकाबाट बचाउनु छ। कसैको पनि देहमा लगाव राख्नु छैन। सच्चा प्रीत एक बाबासँग राख्नु छ। देह अभिमानमा आउनु छैन।

वरदानः– ब्रह्ममुहूर्तको समयमा वरदान लिने र दान दिने बाबा समान वरदानी , महादानी भव

ब्रह्ममुहूर्तको समयमा विशेष ब्रह्मलोक निवासी बाबाले ज्ञान सूर्यको लाइट र माइटका किरणहरू बच्चाहरूलाई वरदानको रूपमा दिनुहुन्छ। साथसाथै ब्रह्माबाबाले भाग्य विधाताको रूपमा भाग्यरूपी अमृत बाँड्नुहुन्छ। केवल बुद्धिरूपी कलश अमृत धारण गर्ने योग्य हुनुपर्छ। कुनै पनि प्रकारको विघ्न वा रोकावट भएन भने सारा दिनको लागि श्रेष्ठ स्थिति वा कर्मको मुहूर्त निकाल्न सक्छौ किनकि अमृतबेलाको वातावरण नै वृत्तिलाई परिवर्तन गर्ने खालको हुन्छ। त्यसैले यस समयमा वरदान लिँदै दान देऊ अर्थात् वरदानी र महादानी बन।

स्लोगनः– क्रोधीको काम हो क्रोध गर्नु र तिम्रो काम हो स्नेह दिनु।